# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मितिः २०७३।०५।१५ गते

# प्रेस विज्ञप्ति

**विषयः आरोपपत्र दायर गरिएको ।**

---

काठमाण्डौ जिल्ला, नापी कार्यालय चावहिलका नापी सर्वेक्षक शम्भु प्रसाद चौधरीले काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ नगरपालिका वडा नं. ७ मा पर्ने १ रोपनी ११ आना जग्गाको हालसाविक गर्ने कार्यका लागि सेवाग्राहीसंग घुस रकम माग गरेको भन्ने उजुरी एवं सूचनाको आधारमा आयोगबाट खटी गएको टोलीले निज सर्वेक्षक चौधरीलाई रू.३,००,०००।– (अक्षरूपी तीन लाख) घुस रकम र फिल्ड निरिक्षण गर्ने क्रममा सेवाग्राहीसंग लिएको रु. १०००।- (अक्षरूपी एक हजार) समेत लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुंदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) द्वारा परिभाषित कसुर गरेको पुष्टि हुन आएकोले निज नापी सर्वेक्षक शम्भु प्रसाद चौधरी उपर बिगो रु.३,०१,०००।- (अक्षरुपी तीन लाख एक हजार) कायम गरी सोही ऐनको दफा ३(१) र ३(१)(घ) बमोजिम दण्ड सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी